# विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड.)

शिक्षा योजना तथा व्यवस्थापन विषयको आवश्यकता

परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**शिवप्रसाद पोखरेल**

क्याम्पस रोल नं. : २९/२०६५/६६

परीक्षा रोल नं. : ९००७५/२०६७

त्रिवि दर्ता नं. : ५९७६-८२



धनकुटा बहुमुखी क्याम्पस

शिक्षा योजना तथा व्यवस्थापन विभाग

धनकुटा

फागुन, २०७२

# कृतज्ञता ज्ञापन

विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरू शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो । शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गर्ने धनकुटा बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभागप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधकार्यको प्रस्तावनादेखि अन्तिम लेखाइसम्म आदरणीय गुरु शेषराज अधिकारीले निरन्तर सुझाव, सल्लाह र हौसला प्रदान गर्नुभएको छ । उहाँकै निर्देशनमा यो शोध अध्ययन सम्भव भएको हो । त्यसैले उहाँप्रति म हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु । जिल्ला शिक्षा कार्यालय मोरङका विद्यालय निरीक्षक ज्ञानबहादुर पौडेल, पथरी स्रोतकेन्द्रका स्रोतव्यक्ति कृष्णबहादुर विष्ट लगायत नमुना छनोट गरिएका विद्यालयका प्रधानाध्यापक र शिक्षक मित्रहरूप्रति पनि म अनुगृहीत छु । सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरू, विद्यार्थी भाइबहिनीहरू सबैको सहयोगलाई पनि म भुल्न सक्दिनँ ।

प्रस्तुत शोधपत्र तयार पार्न सङ्कलित तथ्याङ्कहरूलाई प्रशोधन, प्रस्तुतीकरण र विश्लेषण गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने मेरा सहकर्मी रामप्रसाद निरौला र कमलप्रसाद न्यौपानेको गुन बिर्सन सक्दिनँ । यस कार्यमा ऊर्जा थप्ने जीवनसँगिनी अम्बिका पनि धन्यवादकी पात्र छिन् । शोधपत्र लेखनमा आवश्यक सुझाव, सल्लाह दिई कम्प्युटरीकृत गर्ने कार्यमा समेत सहयोग पुऱ्याउने रोहिणी घिमिरेलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

- शिवप्रसाद पोखेल

# शोधसार

*प्रस्तुत शोधपत्र **विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू** शीर्षकसँग सम्बन्धित रहेको छ । विद्यार्थीको सिकाइउपलब्धिको स्थिति पत्ता लगाउनु, विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण गर्नु र विद्यार्थीको सिकाइउपलब्धि उच्च र न्यून रहेका क्षेत्र तथा पाठहरू पहिचान गर्नु यस अध्ययनका उद्देश्य रहेका छन् ।*

*प्रस्तुत अनुसन्धानका लागि परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धानका लागि मोरङ जिल्लाको बयरवन गा.वि.स. मा सञ्चालित १२ सामुदायिक विद्यालयमध्ये ४ वटा विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । विद्यालय अवलोकन फाराम, प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सङ्कलन गरिएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कहरू-लाई आधार बनाइएको छ । तथ्याङ्कलाई तालिका, प्रतिशत र स्तम्भचित्रमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।*

*विज्ञान, गणित र नेपाली विषयमध्ये गणित विषयमा आधारभूत तहका विद्यार्थीको सिकाइ उपलब्धिको स्थिति दयनीय देखिएको छ । नेपाली विषयमा विद्यार्थीको सिकाइउपलब्धिको स्थिति विज्ञान र गणित विषयका तुलनामा उच्च देखिएको छ । योजना निर्माण, विद्यार्थीको नियमितता, निरीक्षण तथा अनुगमन, शिक्षक तालिम, शैक्षिक सामग्री, विद्यालयको भौतिक अवस्था, विद्यार्थी मूल्याङ्कन प्रणाली, गृहकार्य, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग तथा छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोग विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्त्वका रूपमा पहिचान गरिएका छन् । विज्ञान विषयमा हावा, ताप, सजीव वस्तु, फूल, शक्ति, भूइँचालो, खाना र चित्रलेखन सिकाइउपलब्धि उच्च रहेका र ग्रहण, प्रकाश संश्लेषण, जनावर, प्राथमिक उपचार र बिरुवा शीर्षकका पाठहरू उपलब्धि न्यून रहेका क्षेत्र तथा पाठका रूपमा पहिचान गरिएका छन् । नेपाली विषयमा गद्यांश पढी उत्तर लेख्ने, शब्दको उल्टो अर्थ लेख्ने, क्रियापद राख्ने, वाक्यमा प्रयोग गर्ने, विभक्ति भर्ने, विशेषण भर्ने, शब्दार्थ र शुद्धाशुद्धि सिकाइउपलब्धि उच्च रहेका र जीवनी, कविता र संवाद सिकाइउपलब्धि कम रहेका क्षेत्र तथा पाठका रूपमा पहिचान गरिएका छन् ।*

*त्यस्तै गणित विषयमा प्रत्यक्ष रूपमा विद्यार्थीको दैनिक जीवनमा काम लाग्ने ऐकिक नियम, ज्यामिति, सरल सम्बन्धी समस्याहरू सिकाइउपलब्धि उच्च रहेका र भिन्न, दशमलव, ब्याज, समीकरण जस्ता क्षेत्र तथा पाठहरू सिकाइउपलब्धि न्यून रहेका क्षेत्र तथा पाठका रूपमा पहिचान गरिएका छन् ।*

*विद्यालयको भौतिक वातावरणले विद्यार्थीको सिकाइउपलब्धिमा उल्लेख्य प्रभाव पारेको देखिएकाले यससम्बन्धमा सरोकारवालाको ध्यान जानुपर्ने देखिन्छ । विद्यार्थी नियमितता, शिक्षक तालिम, अभिभावकमा चेतनामूलक कार्यक्रम सञ्चालन, प्रभावकारी शिक्षण विधिको प्रयोग विद्यार्थीको सिकाइउपलब्धि वृद्धिका लागि उपयोगी कार्यका रूपमा देखिएका छन् । विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूको पहिचान गरी सुधारका आवश्यक कदम चाल्नुपर्ने देखिएको छ । शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोग र शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिएको छ । प्रश्नपत्रमा उचित किसिमले शब्द चयन गर्न नसक्दा समेत परीक्षामा विद्यार्थी अल्मलिने र त्यसले सिकाइउपलब्धिमा असर पुऱ्याउने गरेको समेत देखिएकाले यसतर्फ सरोकारवालाहरूले गम्भीर हुनुपर्ने देखिन्छ । विद्यालय भवन, खानेपानी, शौचालय जस्ता भौतिक पक्षहरूले पनि विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पारेको पाइन्छ ।*

# विषयसूची


पृष्ठ

सिफारिसपत्र

स्वीकृतिपत्र

कृतज्ञता ज्ञापन

शोधसार

तालिकासूची

चित्रसूची

परिच्छेद एक

परिचय

| | | |
|---|---|---|
| १. १. | अध्ययनको पृष्ठभूमि | १ |
| १. २. | समस्याको कथन | ५ |
| १. ३. | अध्ययनको औचित्य | ६ |
| १. ४. | अध्ययनका उद्देश्य | ७ |
| १. ५. | अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १. ६. | अध्ययनको परिसीमा | ८ |

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

| | | |
|---|---|---|
| २. १. | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २. २. | अध्ययनको सैद्धान्तिक खाका | ११ |
| २. ३. | पुनरावलोकनको उपादेयता | १४ |

परिच्छेद तीन

अध्ययन विधि

| | | |
|---|---|---|
| ३. १. | अनुसन्धान ढाँचा | १५ |
| ३. २. | जनसङ्ख्या | १५ |

३. ३. नमुना छनोट १५
३. ३. १. नमुनाको आकार १५
३. ३. २. नमुना छनोट विधि १६
३. ३. ३. नमुना छनोटको आधार १६
३. ४. अनुसन्धानका साधन १६
३. ५. तथ्याङ्कका स्रोतहरू १७
३. ६. तथ्याङ्क सङ्कलन विधि १७
३. ७. तथ्याङ्क विश्लेषण विधि १७

परिच्छेद चार

नतिजाको छलफल

४. १. विद्यार्थीको सिकाइउपलब्धि १८
४. १. १. विज्ञान विषयको सिकाइउपलब्धि १९
४. १. २. गणित विषयको सिकाइउपलब्धि २०
४. १. ३. नेपाली विषयको सिकाइउपलब्धि २२
४. २. विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू २४
४. २. १. योजना निर्माण २५
४. २. २. विद्यार्थी नियमितता २६
४. २. ३. निरीक्षण तथा अनुगमन २७
४. २. ४. शिक्षक तालिम २८
४. २. ५. शैक्षिक सामग्री २९
४. २. ६. भौतिक अवस्था ३१
४. २. ७. विद्यार्थी मूल्याङ्कन ३३
४. २. ८. गृहकार्य ३४
४. २. ९. पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग ३६
४. २. ९. १. पाठ्यक्रमको उपलब्धता र प्रयोग ३६
४. २. ९. २. शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग ३७
४. २. १०. छात्रवृत्ति, पुरस्कार र अन्य सहयोग ३८

४. ३. विद्यार्थीको सिकाइउपलब्धि उच्च र न्यून रहेका क्षेत्र तथा पाठहरू ४०
४. ३. १. विज्ञान विषयमा विद्यार्थीको सिकाइउपलब्धि उच्च र न्यून रहेका क्षेत्र तथा पाठहरू ४०
४. ३. २. नेपाली विषयमा विद्यार्थीको सिकाइउपलब्धि उच्च र न्यून रहेका क्षेत्र तथा पाठहरू ४३
४. ३. ३. गणित विषयमा विद्यार्थीको सिकाइउपलब्धि उच्च र न्यून रहेका क्षेत्र तथा पाठहरू ४४
४.४. प्राप्ति ४८

परिच्छेद पाँच

निष्कर्ष र सुझाव

५. १. निष्कर्ष ५१
५. २. सुझाव ५२
सन्दर्भसूची
अनुसूचीहरू

# तालिकासूची


| | | | |
|---|---|---|---|
| तालिका-१ | : | विज्ञान विषयको औसत सिकाइउपलब्धि | १९ |
| तालिका-२ | : | गणित विषयको औसत सिकाइउपलब्धि | २१ |
| तालिका-३ | : | नेपाली विषयको सिकाइउपलब्धि | २३ |
| तालिका-४ | : | विद्यालयको योजना निर्माणको अवस्था | २५ |
| तालिका-५ | : | शिक्षकको योजना निर्माणको अवस्था | २५ |
| तालिका-६ | : | विद्यार्थीको नियमितताको अवस्था | २६ |
| तालिका-७ | : | निरीक्षण तथा अनुगमन विवरण | २७ |
| तालिका-८ | : | शिक्षकहरूको शैक्षिक योग्यता र तालिमको अवस्था | २९ |
| तालिका-९ | : | शैक्षिक सामग्रीको उपलब्धता एवम् प्रयोगको अवस्था | ३० |
| तालिका-१० | : | विद्यालयमा प्रयोग गरिने शैक्षिक सामग्री विवरण | ३१ |
| तालिका-११ | : | विद्यालयहरूको भौतिक अवस्था | ३२ |
| तालिका-१२ | : | विद्यार्थी मूल्याङ्कनसम्बन्धी विवरण | ३४ |
| तालिका-१३ | : | गृहकार्यसम्बन्धी विवरण | ३५ |
| तालिका-१४ | : | पाठ्यक्रमको उपलब्धता र प्रयोगको स्थिति | ३६ |
| तालिका-१५ | : | शिक्षक निर्देशिकाको प्रयोग एवम् उपलब्धताको अवस्था | ३७ |
| तालिका-१६ | : | छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोगले पारेको प्रभावको स्थिति विवरण | ३९ |

# चित्रसूची


| | | | |
|---|---|---|---|
| चित्र-१ | : | विज्ञान विषयको औसत सिकाइउपलब्धि | २० |
| चित्र-२ | : | गणित विषयको औसत सिकाइउपलब्धि | २२ |
| चित्र-३ | : | नेपाली विषयको औसत सिकाइउपलब्धि | २४ |